नेपाल सरकार

# महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

## प्रेस विज्ञप्ति

आज मिति २०८३ असोज २२ गते माननीय महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्री सिता बादीसँग नेपालका लागि अमेरिकी कार्यवाहक राजदूत सुश्री मेघन बोल्डिनले मन्त्रालयमा शिष्टाचार भेटवार्ता गर्नुभयो। भेटमा नेपाल अमेरिका सम्बन्ध, रसुवालगायत बाढी प्रभावित क्षेत्रको पुनर्स्थापना तथा पुनर्निर्माण, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण र सामाजिक विकासका क्षेत्रमा सहकार्य थप सुदृढ गर्ने विषयमा छलफल भयो।

माननीय मन्त्री बादीले कार्यवाहक राजदूत बोल्डिनलाई स्वागत गर्दै सन् १९४७ देखि कायम नेपाल अमेरिका कूटनीतिक सम्बन्ध पारस्परिक सम्मान, विश्वास र विकास सहकार्यमा आधारित रहेको उल्लेख गर्नुभयो। कार्यवाहक राजदूत बोल्डिनले रसुवाको आकस्मिक बाढीमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्दै प्रभावित समुदायको पुनर्स्थापनामा नेपालसँग मिलेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

माननीय मन्त्री बादीले सन् २०२६ अगस्ट २६ मा नेपाल तिब्बत सीमा क्षेत्रमा आएको बाढीले विशेषगरी महिला, किशोरी तथा बालबालिकाको सुरक्षा, संरक्षण र शिक्षामा थप चुनौती सिर्जना गरेको जानकारी गराउनुभयो। उहाँले नेपाल सरकारले उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका कार्य अघि बढाइरहेको बताउँदै अमेरिकी सहयोग र सहकार्यको अपेक्षा व्यक्त गर्नुभयो। साथै, मन्त्रालयले जोखिममा रहेका तथा सीमान्तकृत समुदायको संरक्षण र सामाजिक सुरक्षालाई प्राथमिकता दिएको उल्लेख गर्नुभयो।

मानव बेचबिखन नियन्त्रणका सम्बन्धमा माननीय मन्त्री बादीले अमेरिकी विदेश मन्त्रालयको मानव बेचबिखनसम्बन्धी प्रतिवेदन (Trafficking in Persons Report) का सुझावलाई नेपाल सरकारले गम्भीरतापूर्वक लिएको बताउनुभयो। उहाँले मानव बेचबिखनविरुद्धको राष्ट्रिय नीति, २०८२ तथा राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमार्फत पीडितको संरक्षण, अनुसन्धान, अभियोजन र पुनर्स्थापना संयन्त्र सुदृढ बनाउने कार्य अघि बढिरहेको जानकारी दिनुभयो।

साथै, उहाँले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को संशोधन प्रक्रिया अघि बढाइएको र राष्ट्रिय श्रम आप्रवासन नीति, २०८२ अपनाइएको जानकारी गराउँदै आगामी प्रतिवेदनमा नेपालको सुधार र प्रगति वस्तुनिष्ठ तथा सन्तुलित रूपमा प्रतिबिम्बित हुने अपेक्षा व्यक्त गर्नुभयो।

कार्यवाहक राजदूत बोल्डिनले मानव बेचबिखन नियन्त्रण र पीडितको संरक्षणमा नेपालसँग सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। भेटमा महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलगायत सीमान्तकृत समुदायहरूको संरक्षण, समावेशिता र सशक्तीकरणमा द्विपक्षीय सहकार्य थप परिणाममुखी बनाउने विषयमा जोड दिइयो।

२०८३।६।२२

बसन्त भट्टराई
उपसचिव/सूचना अधिकारी

मिति: २०८३/०६/२२ गते ।